प्रधानन्यायाधीशले निकास नदिएपछि संवैधानिक बाटो रोजेको : अध्यक्ष प्रचण्ड

■ प्रभाव संवाददाता

जनकपुर– नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले न्यायालयमा देखिएको समस्याको निकास नदिएपछि महाअभियोग लगाएको बताएका छन् ।

मधेस सरकारले आइतबार जनकपुरमा गरेको जनयुद्ध दिवस कार्यक्रमपछि सञ्चारकर्मीसँग कुरा गर्दै दाहालले सर्वोच्च अदालतको गतिरोध हटाउन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराविरुद्ध महाअभियोग प्रस्ताव संसद्मा दर्ता गरेको बताएका हुन् । उनले न्याय क्षेत्रमा देखिएका अन्योल, अराजकता र बेथितीको निकास प्रधानन्यायाधीशले दिनुपर्ने भए पनि उनले निकास नदिएपछि संवैधानिक बाटोबाट निकास दिन लागेको बताएका हुन् ।

उनले न्यायालयको बेथितीका लागि मुख्य जिम्मेवार प्रधानन्यायाधीश नै हुनुपर्ने प्रधानन्यायाधीशले नै निकास दिनुपर्ने भएपनि विदा बसेर या सबैलाई विश्वासमा लिएर हुन्छ वा कुनै तरिकाले समस्या सुल्झाउनुपर्ने भए पनि यसो नगरिएकोले महाअभियोग लगाएको बताए ।

उनले वर्तमान समयमा न्यायक्षेत्र झन्, झन् विवादित हुने, अराजक हुने, झन् अन्योलग्रस्त हुने देखिएपछि एउटा वैधानिक, संवैधानिक र लोकतान्त्रिक बाटोबाट समस्याको निकास गर्ने भनेको महाअभियोग नै हुने बताए ।

उनले सत्तारुढ गठबन्धनको सहमतिबाटै महाअभियोग प्रस्ताव दर्ता गरेको पनि बताए ।

दाहालले भने, 'महाअभियोग लगाएर गठबन्धन भत्किने होइन, बरु झन् बलियो हुन्छ,' । सत्तारुढ कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादीका ९८ जना सांसदले प्रधानन्यायाधीशविरुद्ध संसद् सचिवालयमा आइतबार महाभियोग प्रस्ताव दर्ता गरेका छन् ।

कार्यक्रममा दाहालले १२ बुँदे सम्झौता र शान्ति प्रक्रिया नरूचाएका गृह र बाह्य दुबै शक्तिले सत्ता गठबन्धन तोड्ने र चुनावलाई 'डिरेल' गर्ने षड्यन्त्र बुनिरहेको बताएका छन् । उनले त्यस्ता तत्वविरूद्ध जनता फेरि आन्दोलित हुनुपर्ने परिस्थिति बन्नसक्ने आंकलन गरे ।

नेता दाहालले गठबन्धन तोड्ने षड्यन्त्र भइरहेकाले बताए । उनले गठबन्धनलाई अझ बलियो बनाएर लान लगातार प्रयत्नशील भईरहेको पनि बताए । केही तत्व गठबन्धन उल्टाउने, चुनावलाई डिरेल पार्ने र दुषित वातावरण बनाउने प्रयास गरिरहेको छ ।'

सुनजस्तो देखिने अर्धठोस पदार्थसहित पक्राउ

काठमाडौं(प्रस)– अवैध रूपमा ल्याउँदै गरेको करिब ४ हजार ८ सय ४० ग्राम सुनजस्तो देखिने अर्धठोस पदार्थसहित चिनियाँ नागरिक राहदानी नम्बर इजे०२४८१३१ बाहक ३६ वर्षीय झाङ लिलाई शनिबार प्रहरीले पक्राउ गरेको छ ।

हिमालय एयरको उडानद्वारा काठमाडौं आएका उनलाई अन्तर्राष्ट्रिय बिमानस्थल भन्सार कार्यालय अराइभल ट्रनेल गेट नजिक जाँच गर्नेक्रममा ४ वटा पोकामा भित्री पोशाकभित्र लुकाई ल्याएको उक्त पदार्थ फेला पारी पक्राउ गरेको हो ।

त्यस्तै भक्तपुर, सूर्यविनायक नगरपालिका-७ गुण्डु किवाचोक बस्ने ६३ वर्षीया अन्नपूर्ण खतिवडाको घरबाट नगद १७ लाख, १ केजी चाँदी र सुनका बिभिन्न गहना गरी करिब ४६ लाख ५८ हजार २ सय ५५ बराबरको धनमाल शनिबार चोरी भएको छ ।

युएई/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **1885 DELIVERY SERVICES**

पूर्व स्वीकृति मिति २०७८/११/०१ LT. No.257967 चलानी नं. ६०१७४३९७

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	AED	ने.रू.							
1	Motorcyclist	100	0	2500	३८,२००	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : **NAIL IT LADIES BEAUTY SALON CO.**

पूर्व स्वीकृति मिति २०७८/११/०१ LT. No.257928 चलानी नं. ६०१७४३९५

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	KD	ने.रू.							
1	Beautician	5	0	150	५९,६७५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Salon Worker	5	0	150	५९,६७५							

कम्पनी : **BURGER CUT RESTAURANT COMPANY**

पूर्व स्वीकृति मिति २०७८/११/०१ LT. No.257930 चलानी नं. ६०१७४३९६

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	KD	ने.रू.							
1	Assistant Cook	8	0	130	५१,७१५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Waitress	0	2	130	५१,७१५							

कम्पनी : **AL-SARHAN CENTRAL MARKET FOR NON-FOOD STUFF**

पूर्व स्वीकृति मिति २०७८/११/०१ LT. No.257926 चलानी नं. ६०१७४३९९

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	KD	ने.रू.							
1	Security Guard	15	0	125	४९,७३०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	WORKER INDOOR	35	0	90	३५,८००							

कम्पनी : **THE BAKE HOUSE OVEN BAKERY COMPANY**

पूर्व स्वीकृति मिति २०७८/११/०१ LT. No.257929 चलानी नं. ६०१७४३९६त

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	KD	ने.रू.							
1	Cook	20	0	160	६३,१५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Worker	30	0	100	३९,७८०							

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा फागुन ९ गते (21th Feb 2022) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OMEGA International Pvt. Ltd.
Govt. License No. 1352/074/075

Omega International Pvt. Ltd.
K.M.C.-09, Gaushala, Pingalasthan, Kathmandu, Nepal
Ph. No: +977-1-4483326, 4433771 E-mail : info@omeganepal.com
Website : www.omeganepal.com

तनहुँका २९ हजार बालबालिकाले लगाए मोडर्ना खोप

दमौली– तनहुँका २९ हजार बालबालिकाले कोभिड-१९ विरुद्धको मोडर्ना खोपको पूरा मात्रा लगाएका छन् । दशवटै स्थानीय तहका २९ हजार हजार १६० बालबालिकाले मोडर्ना खोपको पूरा मात्रा लगाएको स्वास्थ्य कार्यालय तनहुँले जनाएको छ । पहिलो मात्रा लगाउनेको संख्या भने ३४ हजार ३०३ छ । १२ देखि १७ वर्ष उमेर समूहका बालबालिकालाई सम्बन्धित विद्यालयमै खोप लगाउने व्यवस्था मिलाइएको थियो ।

स्वास्थ्य कार्यालयका खोप अधिकृत एवं सूचना अधिकारी शंकरबाबु अधिकारीका अनुसार भानु नगरपालिकाका तीन हजार ३९, व्यास नगरपालिकाका सात हजार ६५१, शुक्लागण्डकी नगरपालिकाका पाँच हजार ६ सय र भिमाद नगरपालिकाका दुई हजार ७ सय बालबालिकाले पूरा मात्रा लगाएका छन् ।

म्याग्दे गाउँपालिकाका एक हजार ४०४, घिरिङ गाउँपालिकाका एक हजार २०८, ऋषिङ गाउँपालिकाका दुई हजार २१, देवघाट गाउँपालिकाका एक हजार ४५४, बन्दीपुर गाउँपालिकाका एक हजार ७०४ र आँबुखैरेनी गाउँपालिकाका दुई हजार ३७९ बालबालिकाले पूरा मात्रा लगाएका छन् ।

पहिलो मात्रा लगाउनेको संख्या भने भानुमा तीन हजार ४८०, व्यासमा दश हजार ८०, म्याग्देमा एक हजार ५७७, शुक्लागण्डकीमा ६०० हजार ११०, भिमादमा तीन हजार ४७, घिरिङमा एक हजार ४१२, ऋषिङमा दुई हजार १६९, देवघाटमा एक हजार ७२ ९, बन्दीपुरमा दुई हजार ५३ र आँबुखैरेनीमा दुई हजार ७४६ रहेको स्वास्थ्य कार्यालयले जनाएको छ ।

दुई लाखले लगाए पूरा मात्रा

यसैबीच १८ वर्षभन्दा माथिका दुई लाख बढीले कोभिडविरुद्धको खोपको पूरा मात्रा लगाएका छन् । भानुका २६ हजार २५०, व्यासका ५५ हजार ७७९, म्याग्देका १४ हजार ३९, शुक्लागण्डकीका ३६ हजार ५४६ ले पूरा मात्रा खोप लगाएका छन् ।

भिमादका १७ हजार ८९३, घिरिङका आठ हजार ५५३, ऋषिङका ११ हजार २२४, देवघाटका आठ हजार ९४१, बन्दीपुरका ११ हजार ८४९ र आँबुखैरेनीका १५ हजार ८८७ ले पूरा मात्रा खोप लगाएका छन् ।

यसैगरी सात हजार ४३२ ले तेस्रो मात्रा (बुस्टर) खोप लगाएका छन् । कोभिडसिल्डको तेस्रो मात्रा लगाउनेको संख्या छ हजार २५३, एक हजार १७५ ले भेरोसेल र चार जनाले जोन्सनको तेस्रो मात्रा खोप लगाएका छन् । रासस

जोखिम बस्ती व्यवस्थित गरिँदै

मनाङ– बाढीपहिराले जोखिम बनाएको बस्तीलाई व्यवस्थित गरिने भएको छ । मर्स्याङ्दी नदीमा आएको बाढीले सबैभन्दा बढी जोखिमबस्ती बनेको मनाङको नासों गाउँपालिका-१ स्थित तालगाउँलाई व्यवस्थापन गर्न लागिएको हो ।

वर्षायाम लाग्नुभन्दा अगावै जोखिम बस्तीको व्यवस्थापन गर्ने उद्देश्यका साथ पूर्व श्रमराज्यमन्त्री एवं नेपाली कांग्रेसका केन्द्रीय सदस्य टेकबहादुर गुरुङ प्राविधिक टोलीसहित अनुगमन गर्न आएका थिए । उनले जोखिम बस्तीलाई सुरक्षित र व्यवस्थित बनाउन प्राविधिकसहित अध्ययनका लागि आएको बताए ।

'यो स्थान नदी किनारमा रहेकाले जोखिमयुक्त बस्तीलाई सुरक्षित बनाउन आवश्यक छ । जाडोयाम मुस्किलले कटाइए पनि जोखिम जतिबेला पनि हुनसक्ने भएकाले हामीले समयमै ध्यान पुऱ्याउन जुरुरी छ,' नेता गुरुङले भने, 'अब गर्मीयाम सुरु हुनासाथ काम गर्ने गरी अध्ययन तथा अनुगमन गर्न लागिएको हो ।' जिल्लाकै जोखिम बस्तीका बासिन्दालाई आवास निर्माणदेखि उनीहरूलाई सुरक्षित राख्न लागिपरेको उल्लेख गर्दै उनले समयमै सतर्कता अपनाउन जरुरी भएकाले पनि हिउँदयाम सकिनासाथ काम अगाडि बढाउने गरी लागिपरेको जानकारी दिए ।

तालगाउँका बासिन्दाले हिउँद सुरु हुनासाथ बाढीपहिरोले क्षति पुऱ्याएको घरको मर्मत गरी बस्दै आएका थिए । हिउँद लागेपछि पनि आवश्यक निर्माणका सामग्री ढुवानी गर्न सम्भव नभएकाले बाढीले क्षति पुऱ्याएको घरलाई मर्मत गरी बस्न उनीहरू बाध्य भएका थिए । जाडो कटाउन पुरानो घर मर्मत गरेर बसेको र अहिले यहाँ नेता र प्राविधिकले अनुगमन गरेपछि केही राहत पुग्ने अपेक्षा भएको स्थानीय आन्द्रे गुरुङले बताए ।

'जाडो जसोतसो कटाउन लागेका छौँ । अब मर्स्याङ्दी नदीमा बाढीपहिरो आए पनि सुरक्षित बस्न पाउछौँ कि भन्ने आसा जगाएको छ,' स्थानीयवासी मीनराशी गुरुङ भने । प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्यले गाउँपालिका र प्रदेशबाट प्राप्त बजेटबाट तालगाउँलगायत जोखिम तथा घरबारविहीन बनेका स्थानीयवासीको आवास निर्माणका काम गर्न तयारी गरिएको बताए । 'बढी जोखिम बस्तीका बासिन्दाको आवास निर्माणका लागि सम्बन्धित स्थानीय र प्रदेश सरकारले उपलब्ध गराएको बजेटबाट निर्माण गरिनेछ,' उनले भने । गत असार १ गतेयता पटक-पटक परेको वर्षाका कारण आएको बाढीले हिमाली जिल्ला मनाङका विभिन्न भागमा तहसनहस बनाएको थियो । यहाँका धेरै बस्तीमा बाढीपहिरोले सामुदायिक भवन तथा आवासमा क्षति पुऱ्याएकामा सबैभन्दा बढी क्षतिग्रस्त क्षेत्र तालगाउँलाई प्राथमिकतामा राखिएकामा स्थानीयवासीमा उत्साह थपिएको छ । रासस

सवारी चालक उन्नत तालिम सञ्चालन

काठमाडौं(प्रस)– प्रहरी प्रधान कार्यालय सवारी महाशाखामा २४औं समूहको हलुका सवारी चालक उन्नत तालिम आइतबारबाट सञ्चालन भएको छ । सोही महाशाखाका प्रहरी उपरीक्षक ई. दिनेश केसीले उक्त तालिमको उद्घाटन गर्दै सवारी साधनमा नयाँ प्रविधिको बारेमा जानकारी गराई थप दक्ष एवं कुशल चालक तयार गर्नु तालिमको लक्ष्य रहेको बताए । कार्यक्रममा तालिम संयोजक प्रहरी नायव उपरीक्षक ई. कमलेन्द्र लाल कर्णले तालिम सम्बन्धि प्रतिवेदन प्रस्तुत गर्दै १६ कार्यदिन अवधि रहेको उक्त तालिममा प्रहरी हवल्दार ७ जना र प्रहरी जवान २९ जना गरी कूल ३६ जना प्रशिक्षार्थीहरूको सहभागिता रहेको जानकारी दिए ।

Kaligandaki Rural Municipality
Office of Rural Municipal Executive
Birgha, Syangja

Invitation for Sealed Quotation

Date of publication : 14th February 2022 (2nd Magh, 2078)

1. Kaligandaki Rural Municipality, Birgha, Syangja Invites sealed quotation under E-Procurement system to the bidders for the construction of following works under sealed quotation bidding procedure.

S.N.	Contract id	Works of description	Bid Security Amount NRs.	Estimated amount With VAT & PS	Last date of submission and bid opening date	Bid Document fee NRs.
1	KLGD/W/SQ/02/078/79	Upgrading of access road to ward 6 office & Kaligandaki RM administrati ve office	49,000 (validity 75 days)	19,46,095.89	March 15, 2022 12:00 (last submission) March 15, 2022 13:00 (opening)	Nrs 1000
2	KLGD/W/SQ/03/078/79	Upgrading of access road to ward 4 office and ward 5 office	44,000 (validity 75 days)	17,47,687.80		

2. Eligible bidders may obtain further info and inspect the bidding document at the office of Kaligandaki Rural Municipality of may Visit PPMO website www.bolpatra.gov.np
3. Matters not covered in this notice shall be treated in accordance with PPA-2063 and PPR-2064 (with their revisions).

Nepal Police School
Birendranagar, Surkhet

Invitation for Quotations

Date of Published 2078/11/02

Nepal Police School, Birendranagar, Surkhet invites sealed Quotation (hard copy) from registered eligible and interested bidders for the following works. For more detail bidders may contact at concerned office.

Contact Identification Number	Description of Works	Cost of Bidding Document	Last date and time of Purchase of Bid document	Last date of bid submission opening time and place	Bid Security	Account Details	Estimate Amount NRs. (excluding VAT, contingencies and Provisional sum)
SQ/CCLP/ 2078-079/01	Construction of Computer Lab (Pre-fab)	NRs. 1000.00	2078/11/16 during office hours at concerned Office	2078/11/18till 12:00 Hrs. and 13:00 Hrs. respectively at concerned Office	Nrs. 22,000.00	**Account Name:** Nepal Police School, Birendranagar, Surkhet **Account No.:** 0640066072800011 **Bank Name:** Machhapuchchhre Bank Limited, Birendranagar, Surkhet ; **Office Name:** Nepal Police School, Birendranagar, Surkhet. **Contact:** 9858079800	Nrs. 7,70,709.72